# प्रेस विज्ञप्ती

राष्ट्रिय समाचार समिति, नेपाल पत्रकार महासंघ, प्रेस संगठन, प्रेस युनियनका पदाधिकारीहरू, नेपाल आर्थिक पत्रकार संघका अध्यक्ष एवं अन्य पदाधिकारीहरु, विभिन्न टेलिभिजन, रेडियो, एफ एम, प्रिन्ट तथा अनलाइन मेडियाका प्रतिनिधिहरु एवं उपस्थित सबैमा हार्दिक अभिवादन एवं स्वागत समेत गर्न चाहन्छु । विभागले पछिल्लो तीन महिनाको अवधिमा प्रारम्भ गरेका र सम्पन्न गरेका केही महत्वपूर्ण कामहरुलाई यस विज्ञप्तीमार्फत सार्वजनिक गरेका छौं ।

विभागको नामबाटै प्रष्ट छ कि विभागले वाणिज्य व्यवसायको प्रशासन र नियमनका अलावा आपूर्ति प्रणालीको जानकारी राख्ने, सरकारको तर्फबाट बजार हस्तक्षेपका उपायहरु अवलम्वन गर्ने र उपभोग्य वस्तु तथा सेवाको उपलव्धता, गुणस्तर र प्रयोग गर्न सुरक्षित अवधि सम्वन्धमा जानकारी पाउने र हानि नोक्सानी पुगेको भए सो को क्षतिपूर्ति पाउने हकको प्रचलन गराउने विषय पनि विभागको कार्यक्षेत्रमा पर्दछ । यी सबै कामहरु कानून र कार्यविधिअनुसार सम्पादन हुँदै आएको छ । बजार सूचना प्रणाली विकसित गरी बजार हस्तक्षेपका उपायहरु अवलम्वन गर्ने प्रकृयालाई व्यापक र वस्तुगत वनाउनुपर्ने देखिन्छ । साउन १ देखि फागुन ४ सम्म विभागमा प्राइभेट फर्म, साझेदारी फर्म, एजेन्सी र कम्पनी गरी जम्मा ६५४८ दर्ता भएका छन् भने अन्य प्रशासनिक कारवाही ७३५६ समेतबाट गरी ७ करोड २ लाख ११ हजार ८९९ राजस्व जम्मा भएको छ । विभागबाट आ ब २०७६/७७ मा १००० वटा व्यापारिक फर्महरुको अनुगमन गरिने भनिएकोमा माघ मसान्तसम्ममा यो संख्या ११६४ पुगिसकेको छ । वार्षिक लक्ष्यलाई पुनरावलोकन गरी शुरुको लक्ष्यभन्दा दोब्बर अर्थात २००० कायम गर्ने निर्णय पनि भैसकेको छ । यस आ.ब. हालसम्म कूल राजस्व रु १४ करोड ६६ लाख पुगेको छ । आफुलाई प्राप्त कानूनी म्याण्डेटअनुसार विभागले केही महिनायता सम्पादन गरेका कामहरुको संक्षिप्त जानकारी उपस्थित सञ्चारकर्मीहरुसमक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. पद्धति निर्माणको पहल : विभागको कामकारवाहीलाई थप व्यवस्थित गर्नका लागि केही साना तर असरदार सुधार पहलहरु भएका छन् जुन यसप्रकार छन् :

- मापदण्डहरु निर्माणको लागि कार्यदलहरु गठन गरी काम अगाडि वढाइएको छ (वजारको तह तथा मूल्य निर्धारण सम्वन्धी, अत्यावश्यक वस्तुको सूचि अद्यावधिक गर्ने सम्वन्धी र अनुगमन टोलीको आचारसंहिता सम्वन्धी)
- Online Trading को कानूनको मस्यौदाका लागि TOR तयारी भैरहेको ।
- विद्युतीय हाजिरीको प्रयोगलाई पूर्णता दिइएको ।
- फर्म प्रशासन शाखामा टोकन प्रणाली अवलम्वन गरिएको तथा फर्मको दर्ता र नवीकरणको जानकारी एसएमएसबाट समेत गराउने प्रणालीको प्रयोग गरिएको ।

- उपभोक्ता सहायता कक्षको सञ्चालन गरिएको तथा Consumer App प्रयोगमा ल्याइएको । पूराना कागजात डिजिटाइजेसनको तयारी भैरहेको ।
- नियमितरुपमा अनुगमनसम्वन्धी विवरण वेवसाइटमा राखिने र विशेष कामकारवाही विवरणलाई छुट्टै अप्डेटका रुपमा प्रकाशित गरिएको ।
- विभागका कर्मचारीका लागि सिकाई अवसर उपलव्ध होस् भन्ने उद्देश्यले विज्ञहरुबाट प्रस्तुति गर्ने कार्यक्रम हरेक महिनाको कुनै शुक्रवार राखिएको छ । हालसम्म ३ वटा प्रस्तुतिकरण भैसकेका छन् ।
- कागज धुल्याउने, पूराना र मर्मत गरी काममा ल्याउन नसकिने कार्यालयका सामानहरु लिलामी गर्ने कार्यको प्रकृया अगाडि वढाइएको छ ।

२. **कार्यालय विन्यास र सेवा सहजीकरण** : कार्यालयको सरसफाईका साथमा कार्यवातावरण र सेवाग्राहीहरुलाई केन्द्रमा राखी कामहरु सञ्चालन हुने गरेको, ढिलासुस्ती वा मोलाहिजा हुन नदिनेमा विशेष सतर्कता अपनाइएको छ। निकट भविष्यमै कार्यालय परिसरमा बैंक काउन्टर र क्यान्टिनको व्यवस्थाका लागि पहल भैरहेको छ।

३. **अनुगमनको रणनैतिक कार्ययोजना:** सिधै सर्वसाधरणसँग जोडिएको विषय भनेको नै बजार अनुगमन गरी उपभोक्ताहरुको हित संरक्षण गर्नु हो । यसलाई थप व्यवस्थित गर्नका लागि अनुगमनका समग्र पक्ष समेटिनेगरी कार्ययोजना तयारी अन्तिम चरणमा पुगेको छ । केही दिनमै यो कार्ययोजना सार्वजनिक समेत गरिनेछ । मूलत: सूचना प्रणाली र पूर्वअन्वेषण (Surveillance) का आधारमा मात्र अनुगमन गरी कानूनअनुसारका कारवाहीहरु गर्ने तथा सम्वन्धित सरकारी निकायहरुसँगको सहकार्यलाई बलियो वनाउने विषय कार्ययोजनामा समेटिएको छ ।

४. **सचेतना, सम्वाद र समन्वय:** संवैधानिक हकको प्रत्याभूतिका लागि तथा वाणिज्य र आपूर्तिको अवस्था सम्वन्धमा सुसूचित हुनका लागि समेत संघ, प्रदेश र स्थानीय तहवीचको सहकार्य र सम्वाद आवश्यक छ । सूचना प्रणाली स्थापनाका लागि समेत सहकार्य आवश्यक छ । यी सबै विषयहरु र उपभोक्ता कानूनका सम्वन्धमा हामीहरु प्रदेशतहमा र केही ठूला व्यवसायिक स्थानहरुमा कार्यक्रम गर्दैछौं । व्यवसायिक सचेतना र उपभोक्ता संस्थासँगको साझेदारीमा सञ्चालन हुने सचेतना कार्यक्रमहरु पनि प्रारम्भ भएका छन् ।

५. **गरिमा धानको वीउको आयात तथा विक्री सम्वन्धमा भएको कारवाही** : किसानले दिएको उजुरी तथा सम्वन्धित विज्ञहरुले गरेको प्रमाणकागजातसहित कृषि तथा पशुपन्छि विकास मन्त्रालयबाट प्राप्त फाइल अध्ययनका आधारमा उपभोक्ता संरक्षण ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी आयातकर्तालाई रु ३ लाख तथा अन्य विक्रेतालाई २ लाखका हिसावले जरिवाना गरिएको छ। उक्त फर्महरुको छुट्टै सूचि संलग्न छ ।

६. केही अन्य कारवाहीहरु :

- बिस्कुट र चकलेटगरी करिव डेढकरोड मूल्यका म्याद नाघेका वस्तुहरु प्रशासन तथा स्थानीय तहको समेत सहयोग लिई एकैपटक नष्ट गरिएको
- कार्गो व्यवसायलाई दर्ता भै व्यापारिक काम गरेको तर त्रुटीसमेत भेटिएको आधारमा दराज अनलाइनलाई जरिवाना गरिएको ।
- कुखुराको चल्ला र अण्डा नष्ट गरेको घटना र मूल्यवृद्धि वीच सम्वन्ध रहेको पुष्टी गरी आवश्यक कारवाहीको प्रकृया अगाडि वढाउने क्रममा रहेको ।
- साविकमा अनुसन्धान अधुरो रहेका केही सुन सम्वन्धी फाइलहरुको विवरण उतारसमेत गरी लिनुपर्ने कार्यदिशाका सम्वन्धमा प्रतिवेदनसहित मन्त्रालयमार्फत माग भएको अनुसन्धान निकायमा विवरण पठाइएकोमा निर्देशन आउन वाँकी । त्यसैगरी शिक्षा, स्वास्थ्य, यातायात लगायतका पूराना फाइलहरुबाट एकिकृत विवरण अध्यावधिक गरिएको र तत्क्षेत्रमा अव हुने अनुगमनका क्रममा सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिने ।

७. बजार अनुगमनको अध्यावधिक विवरण (२०७६ माघ मसान्तसम्मको)

| विवरण | उपत्यकाभित्र | उपत्यकावाहिर | जम्मा |
|---|---|---|---|
| टोली | ३३४ | १९ | ३५३ |
| फर्म | ९८९ | १७५ | ११६४ |
| जरिवाना | रु ६५,२७,000।00 | रु ४२,५५,000।00 | १०७८२००० |
| नष्ट गरिएको | रु१,५२,८४,११०।00 | रु ८२,७९८।00 | रु१,५३,६६,९८८।00 |
| मुद्दा | २ | ० | २ |
| नमूना परिक्षण | १८ | ० | १८ |

विभागले स्वच्छ बजार कायम गर्न तथा उपभोक्ताको हित संरक्षणका लागि अन्य सरोकारवालाहरुको समेत सहयोगमा काम गर्दछ । राज्यको चौथो अंग भनेर पनि चिनिने सञ्चारकर्मीहरुले स्वच्छ बजार कायम गर्नका लागि खोजमूलक हिसावले सत्यता बाहिर ल्याउन तथा विभागले गरेको अनुगमन, अनुसन्धान तथा अभियोजनका सम्वन्धमा संयमित र सजगतापूर्वक रिपोर्टिङ गरिरहेको महसूस हामीले गरेका छौं । आँउदा दिनहरुमा पनि यहाँहरुबाट विभागको कामकारवाहीलाई प्रभावकारी बनाउनका लागि सूचना प्रवाह, निरन्तर सम्वाद, रचनात्मक सहयोग र सुझावको अपेक्षा गर्दछौं । धन्यवाद ।

मितिः २०७६ फागुन ५ गते सोमवार

नेत्र सुवेदी "प्रयास"
महानिर्देशक
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौ